NEPALI NEWS BULLETIN

ALL INDIA RADIO GANGTOK

BROADCAST: 19:25hrs    Date: 25.05.2026

प्रमुख समाचार.

- राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा आयोजित नागरिक अलंकरण समारोहमा 66 प्रतिष्ठित व्यक्तित्वहरूलाई, वर्ष 2026 को लागि पद्म पुरस्कार प्रदान गर्नुभयो ।

- पश्चिम एशियाली संघर्ष माझ वित्तमन्त्री निर्मला सीतारमणले आज मुम्बईमा आयोजित SIDBI को 37 औं वार्षिकोत्सव कार्यक्रममा इन्धन, उर्वरक र विदेशी मुद्रामा विशेष ध्यान दिन आह्वान गर्नु भएको छ।

- नयाँ दिल्लीमा पश्चिम एशिया द्वन्द्व सम्बन्धी अन्तर-मन्त्रालय पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले देशमा एलपीजी उत्पादन प्रतिदिन 50 हजार टन पुऱ्याइएको बताएकी छिन्।
- क्वाड विदेशमन्त्रीहरूको बैठक भोलि नयाँ दिल्लीमा हुनेछ। विदेशमन्त्री डॉ एस जयशंकरले बैठकको अध्यक्षता गर्नुहुनेछ ।
- दिल्लीको एक अदालतले NEET-UG पेपर लीक प्रकरणमा पुणेकी भौतिकशास्त्रकी लेक्चरर मनीषा संजय हवलदारलाई छ दिनको लागि CBI को हिरासतमा पठाएको छ।

- नर्वे चेस 2026, आज नर्वेको ओस्लोमा पहिलो चरणका खेलहरूसँगै भारतीय समय अनुसार राति 8:30 बजे देखि शुरु हुँदैछ ।

राष्ट्रपति पद्म पुरस्कार

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा आयोजित नागरिक अलंकरण समारोहमा 66 प्रतिष्ठित व्यक्तित्वहरूलाई, वर्ष 2026 को लागि पद्म पुरस्कार प्रदान गर्नुभयो। यी मध्ये दुई जनालाई पद्म विभूषण, छ जनालाई पद्म भूषण र 58 जनालाई पद्मश्री प्रदान गरियो। प्रख्यात चलचित्र अभिनेता धर्मेन्द्र सिंह देओललाई कलामा उनको योगदानको लागि मरणोपरान्त पद्म विभूषण प्रदान गरियो। अभिनेताकी श्रीमती तथा लोकसभा सदस्य हेमा मालिनीले पुरस्कार ग्रहण गरिन्। वायलिन वादक डा. एन. राजमलाई पनि पद्म विभूषणले सम्मानित गरियो। उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय मन्त्रीहरू अमित शाह, गजेन्द्र सिंह शेखावत, र एच.डी. कुमारस्वामी लगायत अन्य व्यक्तिहरू पनि समारोहमा उपस्थित थिए। 2026 सालको लागि, राष्ट्रपतिले 131 पद्म पुरस्कार प्रदान गर्न अनुमोदन गर्नुभएको छ, जसमा पाँच पद्म विभूषण, 13 पद्म भूषण र 113 पद्मश्री पुरस्कारहरू समावेश छन्। बाँकी पद्म पुरस्कार विजेताहरुलाई पछि आयोजित समारोहमा सम्मान गरिनेछ। यी पुरस्कारहरू प्रत्येक वर्ष गणतन्त्र दिवसमा घोषणा गरिन्छ। यी प्रतिष्ठित नागरिक सम्मानहरू कला, समाज सेवा, सार्वजनिक मामिला, विज्ञान र इन्जिनियरिङ, व्यापार र उद्योग, चिकित्सा, साहित्य र शिक्षा, खेलकुद र नागरिक सेवाको क्षेत्रमा उत्कृष्ट योगदानका लागि प्रदान गरिन्छ।

सीतारमण- फोकस

केन्द्रीय वित्तमन्त्री  निर्मला सीतारमणले आज पश्चिम एशिया संकट माझ इन्धन, उर्वरक र विदेशी मुद्रा- मा बढी ध्यान केन्द्रित गर्न आह्वान गर्नुभयो, साथै भारतीय अर्थतन्त्र लचिलो रहेको दाबी गर्नुभयो। भारतीय साना उद्योग विकास बैंक (SIDBI)को ३७ औं वार्षिकोत्सवको अवसरमा मुम्बईमा आयोजित एक कार्यक्रममा बोल्दै, सुश्री सीतारमणले सूक्ष्म, लघु र मध्यम उद्यम क्षेत्र को पारिस्थितिकी तंत्रलाई सुदृढ पार्ने र ग्रामीण उद्यागहरूको आधुनिकीकरणलाई तीव्र पार्ने उद्देश्यले पोर्टल र पहलहरूको शुभारंभ गर्नुभयो।

अन्तरमन्त्रालय बैठक

सरकारले देशभित्र पेट्रोलियम पदार्थको सहज  आपूर्ताि सुनिश्चित गर्न हरसम्भव प्रयास गरिरहेको छ। पश्चिम एशियामा हालैका घटनाक्रमहरूमा आज नयाँ दिल्लीमा आयोजित अन्तर-मन्त्रालय ब्रीफिंगलाई  सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले देशमा एलपीजीको रिफाइनरी उत्पादन प्रतिदिन ५० हजार टन पुगेको बताइन्। पछिल्लो चार दिनमा देशमा करिब  एक करोड ७२ लाख घरेलु एलपीजी सिलिन्डर डेलिभर गरिएको कुरा पनि उनले प्रकाश पारिन्।ओटीपी आधारित डेलिभरी ९५ प्रतिशतभन्दा बढी पुगेको उनले बताइन्। उनले जोड दिइन् कि नागरिकहरूले आतंकित भएर किनमेल गर्नबाट टाढा रहनु पर्छ र इन्धनको वैकल्पिक स्रोतहरू अपनाउनु पर्छ।

अमेरिका- ईरान शान्ति सम्झौता

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बकाईले हाल जारी वार्ताहरू, द्वन्द्व अन्त्य गर्ने कुरामा केन्द्रित रहेको भन्दै परमाणु मुद्दामा छलफल अझै भएको छैन भनेका छन्।

यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले ईरान र अमेरिकाबीच शान्ति सम्झौता सम्बन्धि वार्ता भइरहेको बताएका थिए। यद्यपि, उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफुले ठीक न मानेको सम्झौतालाई मान्नु हुने छैन भन्नुभयो ।

क्वाड विदेशमन्त्री

क्वाड विदेशमन्त्रीहरूको बैठक भोलि नयाँ दिल्लीमा हुनेछ। ऑस्ट्रेलियाकी विदेशमन्त्री पेनी वोङ, जापानका विदेशमन्त्री तोशिमित्सु मोतेगी र अमेरिकाका विदेशमन्त्री मार्को रुबियोले बैठकमा भाग लिनेछन्। विदेशमन्त्री डा.एस जयशंकरले बैठकको अध्यक्षता गर्नुहुनेछ। भारत, अमेरिका, अष्ट्रेलिया र जापान मिलेर बनेको क्वाड, हिंद-प्रशांत क्षेत्रमा शान्ति, सुरक्षा र स्थिरतामा केन्द्रित एक प्रमुख समूहको रूपमा देखा परेको छ। भारतले गठबन्धनको वर्तमान अध्यक्षको रूपमा बैठकको आयोजना गरिरहेको छ।

सर्वोच्य न्यायालय – नीट

सर्वोच्य अदालतले आज NEET परीक्षा सञ्चालनमा बारम्बार त्रुटिहरूप्रति चिन्ता व्यक्त गर्दै पेपर Leak विवादबाट राष्ट्रिय परीक्षण एजेन्सीले कुनै पाठ नसिकेकोमा दुःख व्यक्त गरेको छ। न्यायाधीशहरू पीएस नरसिम्हा र आलोक अराधे को इजलासले मेडिकल प्रवेश परीक्षा सञ्चालन गर्न परीक्षण एजेन्सीलाई अझ बलियो र स्वायत्त निकाय प्रतिस्थापन गर्ने माग गरिएका याचिकाहरूमा केन्द्र, राष्ट्रिय जांच एजेन्सी (NTA) र CBI बाट जवाफ मागेको छ।

अदालतले NTA लाई बिहीबारसम्ममा एजेन्सीको कार्यप्रणालीलाई सुधार गर्न पूर्व ISRO प्रमुख के राधाकृष्णनको नेतृत्वमा रहेको समितिले गरेको सिफारिसहरूको पालनाको विवरण सहितको शपथपत्र पेश गर्न निर्देशन दएको छ। निवेदनहरूमा बारम्बार पेपर Leak ले २२ लाखभन्दा बढी विद्यार्थीहरूको अधिकारलाई असर गरेको आरोप लगाइएको छ।

अदालत- नीट हिरासन्त

दिल्लीको एक अदालतले NEET-UG पेपर लीक प्रकरणमा पुणेकी भौतिकशास्त्रकी लेक्चरर मनीषा संजय हवलदारलाई छ दिनको लागि केन्द्रीय अनुसन्धान ब्यूरोको हिरासतमा पठाएको छ।

विशेष न्यायाधीश अजय गुप्ताले आरोपीलाई हिरासतमा लिएर सोधपुछ गर्न CBI को निवेदनलाई स्वीकृति दिएका छन् । हवलदारलाई 22 मईमा पक्राउ गरिएको थियो र ट्रान्जिट रिमान्डमा अदालतमा पेश गरिएको थियो। CBI का अनुसार, NEET-UG परीक्षा सामग्रीको लागि अनुवादकको रूपमा काम गर्ने र हवलदार पुणेमा सेठ हिरालाल सर्राफ प्रशालासँग सम्बन्धित थीयिन। एजेन्सीले उनलाई NEET-UG भौतिकशास्त्र प्रश्नपत्रको कथित लीक मामिलामा प्रमुख कडीको रूपमा वर्णन गरेको छ।

असम - युसीसी विधेयक

असम सरकारले आज राज्यसभामा समान नागरिक संहिता विधेयक पेश गरेको छ। विधेयकले बहुविवाहलाई प्रतिबन्ध लगाउने र लिभ-इन रिलेसनशिप दर्तालाई अनिवार्य बनाउने लक्ष्य राखेको छ। विधेयकले यो व्यवस्था आसाममा बसोबास गर्ने कुनै पनि अनुसूचित जनजातिमा लागू नहुने व्यवस्था गरेको छ। विवाहको लागि, विधेयकले पुरुष र महिलाको लागि न्यूनतम उमेर क्रमशः 21 वर्ष र 18 वर्ष तोकेको छ, र बहुविवाहमा रोक लगाएको छ। कानुनी अधिकारको रक्षा गर्न, विधेयकले विवाह र सम्बन्ध विच्छेद दर्ता अनिवार्य गर्ने प्रस्ताव गरेको छ, जुन पति/पत्नीहरूको लागि पालनपोषण, उत्तराधिकार र अन्य कानुनी सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण हुनेछ ।

राज्यका क्याबिनेट मन्त्री अतुल बोराले मुख्यमन्त्री हिमन्त बिस्व सरमाको तर्फबाट समान नागरिक संहिता असम विधेयक 2026 सदनमा पेश गरे। यससँगै आसाम पूर्वोत्तरमा पहिलो र देशको तेस्रो भाजपा शासित राज्य बनेको छ जसले यो कानून पेश गरेको छ।

मेघालय-प्रगति २०२६

बहुराष्ट्रिय संयुक्त सैन्य अभ्यास प्रगति 2026 को पहिलो संस्करण मेघालयको उमरोईमा 12 मित्र राष्ट्रका 400 भन्दा बढी सैन्य कर्मचारीहरूको सहभागितामा चलिरहेको छ। यस महिनाको 20 तारिख शुरु भएको यो अभ्यासले क्षेत्रीय शान्ति, सुरक्षा र सहयोगप्रतिको साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

सहभागी देशहरूमा भुटान, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, माल्दिभ्स, म्यानमार, नेपाल, फिलिपिन्स, सेशेल्स, श्रीलंका र भियतनाम समावेश छन्।

नर्वे चेस

नर्वे चेस 2026 आज नर्वेको ओस्लोमा पहिलो चरणका खेलहरूसँगै शुरु हुँदैछ। प्रतियोगिता आधिकारिक रूपमा भारतीय समय अनुसार राति 8:30 बजे शुरु हुनेछ। 13 वर्षको इतिहासमा पहिलो पटक, सुपर-टूर्नामेन्ट Stavanger (स्टावांगर) बाट राजधानी ओस्लोमा सरेको छ।

यस प्रतिष्ठित प्रतियोगिताको ओपन र महिला वर्गमा मैग्नस कार्लसन, डी. गुकेश र आर. प्रज्ञनानंद लगायत विश्वका शीर्ष ग्रान्डमास्टरहरू छन्।